# मिति २०७५।११।५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

१) इलाम नगरपालिका क्षेत्रमा विगतमा राष्ट्रिय भवन संहिता, २०६० पालना नभई निर्माण भएका ढुंगा/इटाको गाह्रो, बाँसको खाँवा, भाटा/काठ/च्यादरको बेरा, च्यादर तथा खरको छाना भएका पुराना कच्ची घरहरुलाई वर्तमान भवन संहिता तथा इलाम नगरपालिका, विकास निर्माण मापदण्ड अनुसार नक्सापास गर्न नसकिने अवस्था रहेको र यस न.पा. क्षेत्रमा त्यस्ता प्रकृतिका सम्पत्तिकरको लगतमा समेत अभिलेखांकन भएका पुराना कच्ची घरहरुलाई मालपोत कार्यालयअन्तर्गत घरजग्गा खरिदबिक्री प्रयोजनका लागि मात्र घर कायम तथा घर भएको प्रमाण निस्सा उपलब्ध गराउनु पर्ने अवस्था समेत रहेकोले यस्ता प्रकृतिका पुराना कच्ची घरहरुको घर कायम भएको प्रमाण उपलब्ध गराउँदा सो घर भत्काई पुनः निर्माण गर्नु पर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ को नक्सापास सम्बन्धी प्रावधान तथा भवन संहिता र मापदण्ड अनुसार सडक क्षेत्राधिकार बाहिर मात्र नक्सापास गरी पुनः निर्माण गर्न सक्ने गरी निम्नानुसार घर कायम तथा घर भएको प्रमाण निस्सा सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो ।

निम्न :

| चरण | प्रक्रिया | राजश्व |
|---|---|---|
| पहिलो | सम्बन्धित वडा कार्यालयमा घरजग्गाधनीको निवेदन दर्ता (निवेदनसाथ नागरिकता, धनीपूर्जा, सम्पत्तिकर तिरेको रसिद, सम्पत्तिकर अभिलेख फारामको प्रतिलिपि, जग्गाको कित्ता नक्सा, भवन संहिता तथा मापदण्ड अनरुप नभएको कारण उत्पन्न भौतिक एवम मानवीय क्षतिप्रतिको जिम्मेवारी र नयाँ निर्माण गर्दा मापदण्ड तथा भवन संहिता अनुसार नियमित गर्नेछु भन्ने शर्तनामा कागज) । | ढुंगा वा कच्ची इटामा माटो वा सिमेण्टको जोडाइको गारोमा टिनको छाना भएको बढीमा ३ तले कच्ची घर वा संरचना एक तले रु १५००।०० (एकहजार पाँचसय), दुई तले रु २५००।०० (दुईहजार पाँचसय), तीन तले रु ३०००।०० (तीनहजार), चिमेघर रु २००।००(दुईसय), चिमेघर ( ज्यादै गरिब) रु ५०।०० (पचास) |
| दोस्रो | सम्बन्धित वडा कार्यालयबाट निवेदन र प्रमाण कागजातहरुको अध्ययनपश्चात स्थलगत सरजमिन मुचुल्का तयार गरी सरजमिनमा खटिएका कर्मचारीबाट प्रतिवेदन तयार गर्ने । | |
| तेस्रो | सम्बन्धित वडा कार्यालयका कर्मचारीबाट टिप्पणी उठाई वडाध्यक्षबाट सदर गर्ने । | |
| चौथो | सम्बन्धित वडा कार्यालयबाट घर कायम / घर भएको प्रमाण निस्सा तयार गर्ने /गराउने | |
| पाँचौ | राजश्वको रसिद काट्ने, प्रमाणपत्र चलानी गर्ने र प्रमाण निस्साको बोधार्थ प्रति नगर कार्यपालिकाको कार्यालयमा पठाउने । | |

२) इलाम नगरपालिका वडा नं ७, ८ र ९ मा सामूदायिक विद्यालयमा विद्यार्थी संख्या न्यून भई १५ मिनेटको दुरीको नजिक नजिकमा विद्यालय संचालनमा रहेकोले विद्यालय सार्ने गाभ्ने प्रयोजनको लागि गठित उपसमितिको प्रतिवेदन एवम् नगर शिक्षा समिति इलामको मिति २०७५/१०/२८ गतेको सिफारिस समेतको आधारमा विद्यार्थी संख्या नजिकको विद्यालयको दुरी, भौगोलिक अवस्था र जनघनत्वलाई मध्यनजर गरी इलाम नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १७ को उपनियम १ (घ) बमोजिम शैक्षिक सत्र २०७६ देखि गाभिएको विद्यालयमा कक्षा संचालन गर्नेगरि आवश्यक्ताको आधारमा तपसिल बमोजिमका विद्यालयलाई नजिकका निम्नानुसारको विद्यालयमा गाभ्ने ।

**तपसिल**

| क्र.स. | गाभ्नुपर्ने विद्यालयको नाम | गाभिने नजिकको विद्यालयको नाम |
|---|---|---|
| १. | श्री विद्या आधारभूत विद्यालय इलाम नगरपालिका -८ तिल्केनी इलाम | श्री सिंहदेवी आधारभूत विद्यालय इलाम नगरपालिका - ८ इलाम |
| २. | श्री पोखरी आधारभूत विद्यालय इलाम नगरपालिका -९ पोखरी इलाम | श्री भगवती माध्यमिक विद्यालय इलाम नगरपालिका -९ इलाम |
| ३. | श्री वालमन्दिर आधारभूत विद्यालय इलाम नगरपालिका -७ इलाम | श्री आदर्श आधारभूत विद्यालय इलाम नगरपालिका -७ इलाम |
| बुदा नं ३ को श्री आदर्श आधारभूत विद्यालय इलाम नगरपालिका -७ इलामको नि.मा.तह (कक्षा ६-८) श्री आदर्श माध्यमिक विद्यालय इलाममा गाभि संचालन गर्न निर्णय गरियो । | | |

३) इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ सशोधन तथा आनुसाङ्गिक मिलानको लागि गठित उपसमितिको प्रतिवेदन एवम् नगर शिक्षा समितिको मिति २०७५/१०/२८ गतेको बैठकमा छलफल भई आएको सुझावहरुलाई समावेश गरी इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा तेस्रो संसोधन सहित कार्यान्वयन गर्ने निर्णय गरियो।

४) शैक्षिक सत्र २०७६ देखि कक्षा थप अनुमति माग गर्ने विद्यालयमध्ये स्थलगत निरीक्षणको प्राप्त प्रतिवेदनको आधारमा तपसील बमोजिमका संस्थागत विद्यालयको निम्नानुसारको कक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स् | विद्यालयको नाम | ठेगाना | अनुमति प्रदान गर्ने कक्षा |
|---|---|---|---|
| १ | श्री आशदीप अंग्रेजी वोडिङ स्कूल | इलाम नगरपालिका -१ | कक्षा -९ |
| २ | श्री रत्नमाई विद्यामन्दिर | इलाम नगरपालिका -१२ | कक्षा -९ |
| ३ | श्री हेलियोसिस अंग्रेजी वोडिङ स्कूल | इलाम नगरपालिका -९ | कक्षा -७ |
| ४ | श्री साँघुटारअंग्रेजी वोडिङ स्कूल | इलाम नगरपालिका -९ | कक्षा-२ |

५) श्री इलाम विद्या मन्दिर कक्षा नर्सरी देखि माध्यमिक तहको कक्षा १० सम्मको मात्र अनुमति प्राप्त गरी संचालन भइरहेकोमा सोहि विद्यालय परिसरमा कक्षा ११,१२ अनुमति प्राप्त गरी संचालनमा रहेको श्री चारखोला उच्च मावि लाई गाभेर विद्यालय संचालन गर्ने अनुमतिको लागि निवेदन पेश गरेकोमा हालको विद्यालयको कक्षा नर्सरी देखि कक्षा १२ सम्मको विद्यालय संचालन गर्नु पर्ने अवधारणा अनुरुप उक्त विद्यालयको माग बमोजिम श्री चारखोला उच्च माध्यमिक विद्यालयलाई श्री इलाम विद्यामन्दिर इलाममा गाभेर एउटै विद्यालयको रुपमा कक्षा संचालन गर्न अनुमति दिने निर्णय गरियो।

६) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखा, सिंहदरबार काठमाडौको च.नं. ४५२ मिति २०७५।१०।२४ को पत्रानुसार इलाम नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरुमा कक्षा कोठा निर्माण कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त रु ३२ (बत्तिस) लाख अनुदान रकमलाई इलाम नगरपालिका वार्ड नं. ५ स्थित अमर मा.वि. र इलाम नगरपालिका वाडं नं. ७ स्थित आदर्श मा.वि. कक्षा कोठा निर्माणमा रु १६/१६ (सोह्र/सोह्र) लाखका दरले विनियोजन गरी भवन निर्माणको कार्यका लागि बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

७) इलाम नगरपालिकाअन्तर्गत गठित नगर खेलकूद प्रतिष्ठानका अध्यक्ष श्री बिनोद श्रेष्ठ र उपाध्यक्ष श्री तिर्थ जबेगुले घरव्यवहारको कारण पदमा रहेर काम गर्न असमर्थ भएको भनी आफ्नो पदबाट दिएको राजीनामामा छलफल हुँदा निजहरुले हालसम्म उल्लिखित पदमा रही गरेको सेवाको लागि धन्यवाद दिदै सो रिक्त हुन आउने अध्यक्ष पदमा श्री तिलक ठकुरी, इलाम नगरपालिका वार्ड नं. ८ र उपाध्यक्ष पदमा श्री सन्तोष भक्तराज, इलाम नगरपालिका वार्ड नं. ७ लाई मनोनयन गर्ने निर्णय गरियो ।

८) इलाम नगरपालिका, नगर विपद् व्यवस्थापन समितिको मिति २०७५।१०।२९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी गणका विपद् व्यवस्थापन विज्ञ र वडा कार्यालयको सहयोगमा निम्न समय तालिका अनुसार सबै वडामा विपद् व्यवस्थापनसँग सम्बन्धित सचेतनामूलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निम्न :

| मिति | समय | वडा नं. | स्थान |
|---|---|---|---|
| २०७५।११।८ | दिउँसो ११ बजे | ६, ७, ८ | जिसस सभाहल इलाम |
| २०७५।११।९ | दिउँसो ११ बजे | ४ | वडा कार्यालय भवन |
| २०७५।११।१० | दिउँसो ११ बजे | ३ | वडा कार्यालय भवन |
| २०७५।११।१२ | दिउँसो ११ बजे | ५ | वडा कार्यालय भवन |
| २०७५।११।१२ | दिउँसो २ बजे | २ | वडा कार्यालय भवन |
| २०७५।११।१३ | दिउँसो ११ बजे | १ | वडा कार्यालय भवन |
| २०७५।११।१४ | दिउँसो ११ बजे | ११ | वडा कार्यालय भवन |
| २०७५।११।१५ | दिउँसो ११ बजे | १० | वडा कार्यालय भवन |
| २०७५।११।१६ | दिउँसो ११ बजे | १२ | वडा कार्यालय भवन |
| २०७५।११।१७ | दिउँसो ११ बजे | ९ | भगवती मा.वि. भवन |

९) समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरु समेतको सहयोग जुटाई मिति २०७५।११।२५ गते शनिबार इलाम नगरपालिका वार्ड नं. २ सुम्बेकमा स्वास्थ्य शिबिर संचालन गर्ने निर्णय गरियो ।

१०) नेपालको संविधानको प्रस्तावना, मौलिक हकको मर्म र भावना बमोजिम महिला र आदिवासी जनजातिको हक, हित र अधिकार संरक्षण, सम्बर्द्धन तथा विकास गरी इलाम नगरपालिकालाई समतामूलक नगरको रुपमा विकासका

लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ र इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

११) इलाम नगरपालिकाअन्तर्गत घर निर्माण तथा मर्मत कार्य गर्ने मजदूर कल्याण कोष संचालन कार्यविधि, २०७४, युवा परिषद संचालन कार्यविधि, २०७४, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४, साहित्य कला संगीत प्रतिष्ठान संचालन निर्देशिका, २०७४, नगर खेलकूद प्रतिष्ठान संचालन निर्देशिका, २०७४, पर्यटन प्रवर्द्धन समिति निर्देशिका, २०७४, धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा संचालन निर्देशिका २०७५, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ अनुसार संचालन भइरहेका समिति तथा प्रतिष्ठानहरुको स्वीकृत कार्यक्रमका आधारमा नगर सभाबाट विनियोजित रकम सो समिति तथा प्रतिष्ठानको बैंक खातामा निकासा दिई स्वीकृत कार्यक्रम अनुसारको खर्चको अनुगमन तथा लेखा परीक्षण गर्ने गराउने निर्णय गरियो ।

१२) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको २० वटा कार्यक्रम/योजनाहरुको विनियोजित बजेट रु ३,००,००,०००।०० (तीन करोड) को स्रोत नेपाल सरकार समपूरक अनुदान र १२ वटा कार्यक्रम/योजनाहरुको विनियोजित बजेट रु २,९९,५९६३८।०० (दुईकरोड उनानसयलाख उन्साठीहजार छसय अडतिस) को स्रोत नेपाल सरकार विशेष अनुदान हुने अनुमान गरिएकोमा संघीय सरकारबाट समपूरक अनुदान र विशेष अनुदान प्राप्त हुने अवस्था नदेखिएको, उल्लिखित बजेट स्रोत हुने कार्यक्रम/योजनाहरु सुचारु भैसकेकोमा हाल खर्च लेख्न सकिने अवस्था नरहेको र तत्काल नगरसभाबाट बजेट संशोधन वा पूरक बजेट ल्याउन समेत सम्भव नभएकोले आगामी नगर सभाबाट अनुमोदन हुने गरी सो कार्यक्रम/योजनाहरु संचालनार्थ बढी हुन आएको अ.ल्या. रकम रु ३,६८,३०,४३६।०५ (तीनकरोड अडसठ्ठीलाख चारसय तीसलाख छत्तीस रुपैया पाँच पैसा) र सिटी मार्ट भवन निर्माणबाट बढी हुन आउने बजेट रु १,३५,००,०००।०० (एककरोड पैतीसलाख ) बाट खर्च गर्ने अख्तियारी नगर कार्यपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

१३) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार नगर प्रमुखबाट मिति २०७५।९।१३ मा भएको सदर टिप्पणी आदेश अनुसारको योजना/कार्यक्रमहरु आगामी नगर सभाबाट अनुमोदन हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१४) इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५ को दफा ३(२) अनुसार इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको खर्च शीर्षकअन्तर्गत पदाधिकारी पारिश्रमिक खर्च शीर्षक (२१११२) बाट खर्च शीर्षकहरु भ्रमण खर्च (२२६१२) मा रु ८,००,०००।०० (आठलाख) ,विविध खर्च (२२७११) मा रु ५,००,०००।०० (पाँचलाख) र खर्च शीर्षक (२१९/२२५२२) मा रु ५,००,०००।०० बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

१३) इलाम नगरपालिकाका उपप्रमुख श्री सुशीला नेम्वाङ्का दाजु फाल्गुनन्द गाउँपालिका, पाँचथरका अध्यक्ष श्री अमर नेम्वाङ्को मिति २०७५।११।४ गतेका दिन असामयिक निधन भएको हुँदा दिवङ्गगत आत्माप्रति चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, फाल्गुनन्द गाउँपालिका परिवारमा समबेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

१४) शनिअर्जुन नगरपालिका, झापाका प्रमुख श्री हरि रानाकी श्रीमती शान्ति रानामगरको मिति २०७५।११।३ गतेका दिन असामयिक निधन भएको हुँदा दिवङ्गगत आत्माप्रति चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, शनिअर्जुन नगरपालिका परिवारमा समबेदना प्रकट शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।